नेपाल सरकार

# गृह मन्त्रालय

पत्र संख्याः-
प्राप्त पत्र संख्या र मितिः-
च.नं.:-

सिंहदरवार,
काठमाडौं, नेपाल।

## विभूषण समितिको प्रेस विज्ञप्ति

विभूषण ऐन, २०६४ को दफा ४ बमोजिम माननीय उपप्रधानमन्त्री ईश्वर पोखरेलको अध्यक्षतामा माननीय गृहमन्त्री रामबहादुर थापा 'बादल', प्रा. डा. मीना वैद्य मल्ल, प्रा.डा. ईन्द्रजित राई, हरिहर शर्मा, ई. काशेन्द्रप्रसाद यादव, उपरथी विनोदकुमार श्रेष्ठ (अ.प्रा.) सदस्यहरु तथा गृह सचिव महेश्वर न्यौपाने सदस्य सचिव रहेको विभूषण समितिको बैठकबाट राष्ट्रका विभिन्न क्षेत्रमा योगदान पुऱ्याएका महानुभावहरु मध्ये मानपदवीतर्फ सुप्रसिद्ध प्रबल जनसेवाश्री प्रथम श्रेणी-१, प्रसिद्ध प्रबल जनसेवाश्री द्वितीय श्रेणी-४, सुकीर्तिमय राष्ट्रदीप तृतीय श्रेणी-७, सुप्रबल जनसेवाश्री तृतीय श्रेणी-८६, कीर्तिमय राष्ट्रदीप चतुर्थ श्रेणी-८, प्रबल जनसेवाश्री चतुर्थ श्रेणी-२४२, जनसेवाश्री पञ्चम श्रेणी-१०४, अलङ्कारतर्फ-११४ र पदकतर्फ-२७ गरी जम्मा ५९३ जना महानुभावहरुलाई विभूषण प्रदान गर्न र विभिन्न मुलुकहरुले ३ जना नेपाली राष्ट्रसेवक तथा नागरिकहरुलाई प्रदान गर्ने विभिन्न प्रकारका विभूषण ग्रहण गर्न स्वीकृति दिने गरी सिफारिस भएबमोजिम नेपाल सरकार, मन्त्रिपरिषद्को मिति ०७७/०६/०१ को निर्णयबाट सिफारिस भएअनुसार २०७७ असोज ३ गते संविधान दिवस (राष्ट्रिय दिवस) का अवसरमा सम्माननीय राष्ट्रपतिबाट विभूषण प्रदान गर्ने घोषणा भएकोमा घोषित विभूषणमध्ये मानपदवी प्राप्त गर्ने ४५२ जना महानुभावहरुलाई **सम्वत् २०७८ वैशाख ०१ गते राष्ट्रपतिको कार्यालय, महाराजगञ्जमा सुशोभन समारोह आयोजना** गरी सम्माननीय राष्ट्रपतिबाट विभूषित गर्ने कार्यक्रम रहेको व्यहोरा सम्वद्ध सबैमा अनुरोध छ ।

मितिः २०७७।१२।२८ गते ।

१२/२८

चक्र बहादुर बुढा
(प्रवक्ता)